(त) सो आदरको खिलाप करैको दरखास्त विन्तिपत्र पर्न आए-मा विन्तिपत्रवाला या निजको वारेसलाई आफ्नो आफिसमा हाजिर भई आफ्नो बेहोरा सुनाई वहस गर्ने मौका दिनु पर्छ। निजको कुरा सबै वा केही बेमनासीब देखिएमा सो बुँदा काट्ने पर्चा लेखी र खनुपर्छ।

(थ) यस्तो अर्डर १ पटकमा २ महिनाभन्दा बढ्ता अवधिको जारी हुन सक्नैन, यस्तो अर्डर जारी गरेमा सो बेहोराको रिपोर्ट लेखी तुरुन्त गृहविभाग र र.ज्यव्यवस्थामा पठाउनुपर्छ

[द] यस्तो रिपोर्ट आएमा राज्यव्यवस्थागट सो आडर खारेज गर्नुपर्ने देखिए खारेज गर्न सक्छन्।

[ध] आफ्नो जिल्ला इलाकाभित्र जग्गा जमीन पानी अथवा सांध सिमानावार शान्तिभंग हुन जाने जस्तो झगडा भएको छ वा हुन लागेको छ भन्ने पुलीसको रिपोर्ट अथवा जाहेरी पर्न आएमा विचार गरी आफ्नो चित्तमा लागेका कुराको पर्चा खडा गरी सो पर्चाको मुख्य दाहरु पुर्जीमा परी त्यसले हुबै थर झगडियालाई त्यस्तो वडाहाकिमले तोकेको म्यादभित्र आफैं वा वारेसद्वारा गोस्वारा कचहरीमा आई सो झगडा परेको चल अचल झगडा परेको २ महिना अघि आफ्नो भोग चलनमा रहेको सबूदसाथ बयान गर्नु-पर्छ भन्ने निर्देश गर्नुपर्दछ।

[न] यो दफाको अभिप्रायका लागि जग्गा जमीन अथवा पानी भन्ने लब्जले घरहरू बनार माछा मार्ने ठाउँ बाली नाली अथवा जग्गाको अरु उब्जनी र यस्तो जुनसुकै सम्पत्तिको किराय अथवा मुनाफासमेतलाई बनाउँछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

959

न्त पुलीसको सवालबमोजिम पुलीसले पक्राउ गरी ल्याएका मुद्दाहरूमा देहायमा लेखिएबमोजिमको मुद्दाहरू बडाहाकिमहरूले हेर्ने र अरूमा इलाका अदालत अमिनीहरूमा बुझाइदिनुपर्छ। इलाका अदालतहरूले पनि सो मुद्दाहरू बुझी सो ऐन सवालबमोजिम कारबाई गर्नू।

(१) सरकारिया चोरीमा, जतिसुकै दश बिगो भएको भए पनि।

(२) कुटपिट बेहती मुद्दामा अंगभंग पुगेको वा खत नपरी नीलडाम दाम रगतपक्षसम्म मात्र भएको र बेहतीका ऐनले सजाय हुने मुद्दा।

(३) ३ वर्षदेखि बढ्ता कैद नहुने र ५० रु देखि बढी बिगो नभएको चोरी मुद्दा औ जतिसुकै सजाय हुने भए पनि बगलीमारा।

(४) खोटा चलन।

(५) खोटा टक मार्ने।

(६) जतिसुकै बिगो भएपनि सरकारिया र साहू महाजनको समेत भारी चोरी गरेका चोर पक्राउ गरी बजार अड्डाबाट बुझाउन पठाएको चोरी मुद्दा।

(७) कालो बजार।

(८) नाफाखोर।

(९) चली आएको देव देवताको स्थानमा बाहेक स्त्री-जाती चौपाया मारेको।

(ख) अपील हेर्ने विषयमा देहायबमोजिम गर्नु गराउनुपर्छ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

